# १७ औं गाउँसभा अधिवेशनको बैठकमा अध्यक्ष श्री पासाङ नुर्पु शेर्पाज्यूबाट प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

## भोटेकोशी गाउँपालिका

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

मितिः २०८३ असार ५ गते

**सम्मानित सभाका सदस्यज्यूहरू,**

नेपालको राजनीतिक इतिहासमा परिवर्तनका लागि विभिन्न चरणमा सञ्चालित लोकतान्त्रिक, गणतान्त्रिक जेन जी आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात तथा अज्ञात महान शहीदहरूप्रति म सर्वप्रथम भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक परिवर्तनका लागि भएका आन्दोलनहरूमा सहभागी भई घाइते तथा अशक्त हुनुभएका सम्पूर्ण व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

आज यस गरिमामय गाउँसभामा भोटेकोशी गाउँपालिकाको तर्फबाट गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार तथा समग्र विकासलाई मार्गदर्शन गर्ने आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

हाम्रो सामु विद्यमान विविध चुनौती र समस्याहरूका बाबजुद निर्माण गरिएको यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत आत्मनिर्भर, समुन्नत र समृद्ध भोटेकोशी निर्माण गर्ने हाम्रो साझा सपना साकार हुनेमा म पूर्ण विश्वास व्यक्त गर्दछु। गाउँपालिकाको वर्तमान नेतृत्वले दिगो विकासका दीर्घकालीन लक्ष्यहरूलाई मार्गदर्शक सिद्धान्तका रूपमा आत्मसात् गर्दै आगामी दिनहरूमा अझ परिणाममुखी र जनमुखी विकासलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दछु।

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारका रूपमा महत्वपूर्ण अधिकार तथा जिम्मेवारी प्रदान गरेको सन्दर्भमा हामीले जवाफदेही, पारदर्शी, भ्रष्टाचारमुक्त र सुशासनयुक्त शासन प्रणालीको विकास गर्दै नागरिकलाई नजिकको, विश्वासिलो र उत्तरदायी सरकारको अनुभूति गराउनु आवश्यक छ। समृद्ध भोटेकोशी निर्माणका लागि समर्पित हुनु हामी सबैको साझा दायित्व र जिम्मेवारी रहेको कुरा म यस सभामार्फत स्मरण गराउन चाहन्छु।

**सम्मानित सदस्यज्यूहरू,**

भोटेकोशी गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरू छन्। यहाँको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको समृद्ध विरासत तथा प्राकृतिक स्रोत—साधनको प्रचुरताले यस क्षेत्रलाई विशेष बनाएको छ। यस्ता विशिष्ट सम्पदाको योजनाबद्ध, वैज्ञानिक र दिगो उपयोगमार्फत

भोटेकोशीवासीहरूको जीवनस्तरमा सकारात्मक तथा दिगो परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

यद्यपि, यस्ता प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि भौतिक पूर्वाधार, कृषि, पर्यटन तथा उत्पादनमुखी क्षेत्रहरूको अपेक्षित विकास हुन नसकेको यथार्थ हामी सामु विद्यमान छ। गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच, लक्ष्य तथा योजनाहरूको प्रभावकारी कार्यान्वयनमार्फत यी चुनौतीहरूको समाधान गर्दै निर्धारित लक्ष्य हासिल गर्न सकिनेमा हामी विश्वस्त छौं।

विशेष गरी भौगोलिक रूपमा विकट क्षेत्र तथा पछाडि पारिएका समुदायमा रहेको गरिबी न्यूनीकरण, बेरोजगारी घटाउने, गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने तथा सबै नागरिकलाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा उपलब्ध स्रोत—साधनहरूको प्रभावकारी परिचालन आवश्यक रहेको छ।

गाउँपालिकाको विकासको प्रमुख आधारका रूपमा रहेका प्राकृतिक स्रोत—साधन, सांस्कृतिक विविधता, पर्यटन क्षेत्रको सम्भावना, कृषि तथा पशुपालन व्यवसाय, जडीबुटी उत्पादन, सीमापार व्यापार तथा आर्थिक रूपमा सक्रिय जनशक्तिको अधिकतम उपयोगमार्फत भोटेकोशी गाउँपालिकाको समग्र विकासको ढोका खुल्ने अपेक्षा गरिएको छ।

यसै सन्दर्भमा, दीर्घकालीन विकासलाई संस्थागत गर्न विगतका आर्थिक वर्षदेखि नै बहुवर्षीय योजनाहरू कार्यान्वयनमा ल्याइएको छ। धेरै योजनाहरू सम्पन्न भइसकेका छन् भने केही आयोजनाहरू आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयन भइरहेका छन्। यी आयोजनाहरूले भोटेकोशी गाउँपालिकाको समृद्धि र विकासको स्पष्ट आधार निर्माण गर्ने विश्वास लिइएको छ।

स्थानीय तहको दोस्रो निर्वाचनमार्फत निर्वाचित जनप्रतिनिधिका रूपमा जनताले हामीमाथि राखेका विकास र समृद्धिका अपेक्षाहरू पूरा गर्न सबै राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाज, निजी क्षेत्र, सञ्चार क्षेत्र तथा अग्रज व्यक्तित्वहरूवाट कार्यकालको चौथौ वर्ष सम्म निरन्तर रुपमा प्राप्त भएको रचनात्मक सहयोग प्रति हार्दिक आभार व्यक्त गर्दै समृद्ध भोटेकोशी निर्माणको साझा अभियानमा सबैको साथ, सहयोग र सकारात्मक योगदानका लागि म हार्दिक आह्वान गर्दछु।

**सम्मानित सभाका सदस्यज्यूहरु**

संघीय तथा प्रदेश सरकारबाट आ.व. २०८३/०८४ का लागि प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका अतिरिक्त यस गाउँपालिकाकाले निम्न बमोजिमका नीतिहरु तयार गरेको छः

## १. आर्थिक विकास सम्वन्धी नीतिहरु

### १.१ कृषि तथा पशुपंक्षी विकास

१.१.१ निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नका लागि उन्नत विउ विजन, मलखादको व्यवस्था गरी कृषि उत्पादनलाई बजारीकरण गरी स्थानीयको आय वृद्धि हुने नीति अवलम्वन गरिने छ।

१.१.२ कृषिजन्य विषादी न्यूनिकरण गर्न अभियानमुलक कार्यक्रमहरु संचालन गर्दै प्राङगारिक खेती प्रणालीलाई बढवा दिई अर्गानिक गाउँ टोल घोषणामा जोड दिइनेछ साथै जैविक विषादी एवं प्राङ्गागारिक मलको प्रयोग गरी उत्पादन हुने तरकारी वजारको खोजी गरी विक्रि वितरणमा सहजीकरण गरिने छ ।

१.१.३ स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्न रैथाने बिउको प्रयोग गरी खेती गर्न विउ बैंकको व्यवस्था गरिने छ साथै कृषकका लागि बिउ बिजन वितरण गर्ने तथा अनुदान समेतको व्यवस्था मिलाइनेछ ।

१.१.५ कृषकहरुलाई व्यवसायिक तरकारी उत्पादन सम्बन्धी तालिम दिई उत्पादकत्वमा अभिबृद्धि गर्न जोड दिइनेछ ।

१.१.६ कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि ब्यवसायको आधुनिकीकरण, यान्त्रिकीकरण र बजारीकरणमा जोड दिईनेछ । कृषकहरुलाई मागको आधारमा संघीय सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१.१.७ चौरीपालक किसानहरुलाई प्रोत्साहन गर्न चौरी प्रर्वद्धन कार्यक्रम सञ्चालन गरी चौरीहरुको संरक्षणको व्यवस्था मिलाईनेछ ।

१.१.८ पशु स्वास्थ्य प्राविधिकलाई किसानको पहुँचसम्म पुऱ्याइ पशुधनको क्षति न्यूनिकरणका लागि रोग नियन्त्रण गर्न खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१.९ पशुपन्छीको प्राथमिक उपचारको लागि औषधी वितरण तथा प्रयोगशालाको व्यवस्था मिलाईने छ साथै रेविज रोग नियन्त्रण गर्न छाडा कुकुरहरुलाई खोप लगाउन स्थानीय टोल विकाससंस्था, क्लब तथा सामुदायिक संघ संस्थासँग सहकार्य गरिनेछ ।

## २.१ उद्योग तथा वाणिज्य

२.१.१ उद्यमी तथा अन्य लाभग्राहीहरुको क्षमता विकास एवं उनीहरुको बैंकसँगको पहुँचका लागि आवश्यक सहजीकरण गरिनेछ, लघु उद्यमीहरुबाट उत्पादन भएका घरेलु बस्तुहरु बजारिकरण गर्ने, गाउँमा उत्पादित घरेलु वस्तुहरुको गाउँमै प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ ।

२.१.२ व्यवसाय दर्ता, नविकरण कार्यलाई विद्युतीय भुक्तानी प्रणालीमा आवद्ध गर्दै सरल, प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालनको प्रत्याभूत गरिनेछ ।

२.१.३ वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई स्वदेशमा रोजगारी सिर्जना गर्न, विदेशमा सिकेका सीपको उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

## ३.१ संस्कृति तथा पर्यटन प्रवर्द्धन

३.१.१ भैरवकुण्ड, देउढुङ्गा, लिस्तीकोट, दुगुनागढी, तातोपानी धारा, थापी नारायण मन्दिर, लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार मार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३.१.२ गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर,चर्च, गुम्बा, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, मरनघाट जस्ता सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षण गरिनेछ।

३.१.३ निजी क्षेत्र र समुदायसँगको साझेदारीमा पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ।

३.१.४ गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय संभावनाका क्षेत्रहरु पहिचान गरी पर्यटकीय पूर्वधारहरु निर्माण गरी आन्तरीक तथा वाह्य पर्यटक भित्र्याउन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनको साथै दातृ निकाय, संघ, प्रदेश सरकार तथा विभिन्न संघ/संस्था तथा कम्पनीहरुसँग सहकार्य र समन्वय गरिनेछ।

३.१.५ भैरवकुण्ड पदमार्गको प्रवर्द्धनका लागि चोकरमोकरमा वहुउपयोगी होमस्टे निर्माण थालनी भएको छ। "चोकरमोकर भिलेज" लाई केवल पर्यटकीय आवास सेवामा मात्र सीमित नराखी हिमाली क्षेत्रमा हुन सक्ने प्राकृतिक तथा मानवीय विपद् जोखिम व्यवस्थापनका लागि आपत्कालिन आश्रयस्थलको रुपमा उपयोग गर्ने साथै "हिमाली सांस्कृतिक तथा जैविक संग्राहलय" को रुपमा समेत बहुउद्देशीय रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ। जसबाट पर्यटन प्रवर्द्धनमा थप सुदृढ हुने अपेक्षा गरिएको छ।

## ४.१ सहकारी, बैंक तथा वित्तीय सेवा

४.१.१ सहकारी संस्थाहरुको दर्ता तथा नविकरणका लागि कानून बनाई लागू गरिनेछ । साथै यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारी संस्थाहरुको क्षमता विकास र ब्यवसायीकरणमा जोड दिईनेछ।

४.१.२ गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गर्नुका साथै सहकारीहरुवीच एक आपसमा गाभ्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

४.१.३ गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु संचालन गरी गरिवी र बेरोजगारी दर घटाउने तर्फ आवश्यक पहल गरिनेछ।

४ १ ४ सहकारीहरुको सवलिकरणको लागि आवश्यक प्रशिक्षणको व्यवस्था मिलाईनेछ।

## ५.१ श्रम तथा रोजगारी

५.१.१ स्थानीयस्तरमा अल्पकालीन रोजगारी सिर्जना गर्दै स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिईनेछ।

५.१.२ संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा सञ्चालन र रिटर्नी स्वयंसेवक परिचालन गरी बैदेशीक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन एवम् सहयोग गरिनेछ।

### ६.१ बाह्य क्षेत्र

६.१.१ अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँ क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा त्यस्ता संस्थालाई स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ।

## २. सामाजिक विकास

### २.१ शिक्षा

२.१.१. शिक्षा क्षेत्रको सुशासन सुदृढ गर्दै विद्यालय, अभिभावक, समुदाय तथा सरोकारवालाबीचको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ। शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरी योजना, बजेट तथा कार्यक्रमलाई तथ्यमा आधारित बनाइनेछ। नियमित अनुगमन, मूल्याङ्कन तथा सामाजिक उत्तरदायित्वमार्फत शिक्षा क्षेत्रको दिगो र परिणाममुखी विकास सुनिश्चित गरिनेछ।

२.१.२. सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्दै विद्यालय भर्ना, नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा शैक्षिक नतिजा सुधारलाई प्राथमिकता दिइनेछ। शिक्षक क्षमता विकास, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण प्रणाली, स्मार्ट कक्षा तथा डिजिटल सिकाइ सामग्रीको विस्तार गरिनेछ।

२.१.३. सुरक्षित, बालमैत्री तथा गुणस्तरीय शैक्षिक पूर्वाधार विकास, शिक्षा क्षेत्रमा सुशासन, प्रभावकारी अनुगमन तथा सरोकारवालाबीचको सहकार्यलाई सुदृढ गर्दै शिक्षा क्षेत्रको दिगो र परिणाममुखी विकास सुनिश्चित गरिनेछ। दिइनेछ।

२.१.४. स्वस्थ शरीर र भोकरहित वातावरणको सुनिश्चित गर्दै विद्यार्थीको सिकाइ उपलव्धी वृद्धिका साथै स्थानीय कृषि उपजको वजारीकरण हुने गरी दिवा खाजालाई प्रोत्साहन गरिनेछ।

२.१.५. आधारभूत तहको कक्षा ८ तथा SEE परीक्षामा गणित तथा विज्ञान विषयमा ननग्रेडेड विद्यार्थीको संख्या उच्च रहेको हुँदा गणित तथा विज्ञान शिक्षकलाई कार्य सम्पादनमा आधारित प्रोत्साहनको नीति अंगिकार गरिनुका साथै विगत वर्ष देखि नै शुरुवात गरिएको आवासिय विद्यालय कार्यक्रमलाई थप विस्तार गरिनेछ।

२.१.६. भोटेकोशी गाउँपालिकाको १० वर्षे शैक्षिक गुरु योजना अनुरुप व्यवस्थित तथा वैज्ञानिक ढंगवाट विद्यालयको क्रमिक विकास तथा विस्तार गरिनेछ । नयाँ प्रविधि र ज्ञानको विकास एंवम् सूचना प्रविधिको पहुँच विस्तारका लागि शैक्षिक सुधारको लागि आवश्यक व्यवस्था गर्दै लगिनेछ ।

२.१.७. विद्यार्थीको सर्वाङ्गिण विकासका लागि आवश्यक कला साहित्य, खेलकुद,संगीत,नृत्य, अतिरिक्त क्रियाकलापलाई समेट्दै विद्यालयमा खेल र कला साहित्यको प्रशिक्षणको व्यवस्थापनका साथै चिनियाँ भाषाको विश्वविद्यालय स्तरीय क्यापसलाई निरन्तरता दिइनेछ।

## २.२. युवा तथा खेलकुद

२.२.१ युवालाई व्यवसायिक तथा उद्धमशिलता तालिम नवप्रवर्तन पुँजी र प्रविधिमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाइने छ । साथै युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्धमशिलताको विकास गरिने छ ।

२.२.२ युवा क्लव गठन गर्न, दर्ता गर्न, नियमन गर्न कार्यविधि वनाइ कार्यान्वयन गरिनेछ साथै युवा क्लव मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरि युवा क्लवलाई अधिकतम परिचालन गर्ने नीति लिईने।

२.२.३ युवा वर्गलाई स्वयम् सेवा गर्ने, विपद व्यवस्थापनमा परिचालन गर्ने, श्रमदानका लागि क्रियाशील हुन प्रेरित गरिने छ । स्थानीय विकास निर्माणमा युवाहरुको महत्वपूर्ण भूमिका हुने हुँदा जनश्रमदानमा सम्पन्न गर्न सकिने निर्माण कार्य, स्थानीय टोल सुधार तथा सरसफाई गर्न प्रेरित गरिनेछ।

२.२.४. यूवामा अनुशासन संस्कृतिको विकास, शारिरीक तन्दुरुस्ती तथा मानसिक विकास एवम् खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र विकास

अघि बढाउन खेलकुद पूर्वाधारको निर्माण, खेलकुद प्रतियोगिताको आयोजना र प्रशिक्षण कार्यक्रम सञ्चालन निरन्तरता दिईनेछ।

**३.३. जनस्वास्थ्य**

३.३.१. विश्वव्यापी समस्याको रुपमा रहेका नसर्ने रोग क्यान्सर, मधुमेह, उच्चरक्तचाप, दम लगायतका रोगहरुको रोकथाम तथा उपचार साथै क्षयरोग जस्ता सरुवा रोगको खोजपड्ताल गरी त्यसको उपचारमा विशेष ध्यान दिईनेछ ।

३.३.२. अस्पताल तथा स्वास्थ्य चौकी अन्तर्गत संञ्चालनमा रहेका खोप कार्यक्रम, गाउँघर क्लिनिक साथै विभिन्न रोगको उपचार लगायतका स्वाथ्य सेवा नियमित तथा विस्तार बनाइनेछ ।विपन्न वर्गका गर्भवती र सुत्केरी महिलाहरुको **पोषण कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

३.३.३. अस्पताल तथा प्रसुति सेवा केन्द्रमा वच्चा जन्माउने सुत्केरीको लागि निःशुल्क **एम्वुलेन्स सेवा** उपलव्ध गराइने व्यवस्थालाई निरन्तरता दिइनुका साथै निजहरुलाई विगत देखि दिईंदै आएको **प्रोत्साहन भत्ता**लाई निरन्तरता दिईनेछ। प्रजनन् स्वास्थ्य तथा सुरक्षाका लागि आमा सुरक्षा कार्यक्रम र आमा वीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।प्रसूति वेथा लागि स्थानीय स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने अवस्थाका अति विपन्न सुत्केरी हुने आमा तथा वच्चाको जीवन रक्षाका लागि तत्काल सुविधा सम्पन्न अस्पतालसम्म लगि उपचार गर्न **हेलिकोप्टर**को व्यवस्था मिलाईनेछ।

३.३.४. स्थानिय रुपमा पाईने जडिबुटिहरुको पहिचान गरि सोको उत्पादन, संरक्षण, सम्वर्धन, वजारीकरण गर्न प्रोत्साहन गर्नुको साथै औषधिजन्य गुणको बारेमा स्थानीय समुदायमा जनचेतना मुलक कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ । साथै आधारभूत अस्पतालमा जनशक्ति सहितको **नागरिक आरोग्य केन्द्र** स्थापना गर्ने व्यवस्था मिलाईनेछ।

**४ खानेपानी तथा सरसफाई**

४.१. एक घर एक धाराको नीति अनुरुप स्वच्छ र सफा पिउने पानी उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ । खानेपानी तथा सरफाई नीति निर्माण गरी खानेपानी गुरुयोजना तयार गरी संचालन गरिनेछ साथै विकास साझेदारहरुसँगको साझेदारीमा थप नयाँ खानेपानी योजनाहरु संचालन गर्न पहल गरिनेछ ।

४.२. खानेपानीका उपभोक्ता समितिहरुलाई गुणस्तरीय र नियमित सेवा प्रवाहप्रति जिम्मेवारी बनाउँदै वातावरण तथा सरसफाई प्रति पनि उत्तिकै उत्तरदायी बनाउने नीति अबलम्बन गरिनेछ ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

५.१. गाउँपालिका भित्रका बावु आमा विहिन टुहुरा बालवालिकाहरुलाई पालनपोषण, स्वास्थ्य, शिक्षा र संरक्षणको व्यवस्था गरिनेछ।

५.२. जातीय विभेद तथा छुवाछुत सम्बन्धी सामाजीक, सांस्कृतिक र आर्थिक कुरीति र अभ्यास हटाउने अभियान वडा कार्यालयहरु मार्फत शुरुवात गरिनेछ साथै बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत प्रथा, घरेलु हिँसा उन्मुलनका लागि अभियान तथा चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५.३. विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा दलित,आदिवासी,जनजाती तथा सीमान्तकृत वर्गको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५.४.लैंगिक समानता तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना क्रमशः कार्यान्वयन गर्दै लैंगिकमैत्री, अपांगमैत्री, बालमैत्री स्थानीय तह प्रोत्साहन हुने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

## ६. न्यायिक कार्य सम्बन्धी

६.१. विवादको निरुपण गर्दा सम्भब भएसम्म मेलमिलापलाई प्राथमिकता दिइ दुवै पक्षको सहमतिमा मिलापत्र गर्न प्रोत्साहन गरिनेछ।न्यायिक समितिलाई थप प्रभावकारी बनाउन दक्ष कानूनी सहजकर्ताहरुको परामर्श लिई न्यायिक समितिलाई अगाडी बढाईने छ ।

६ २. वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई क्रियाशील बनाइनेछ साथै मेलमिलापकर्ताहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।

## ४. पुर्वाधार विकास

४.१ स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल

४.१.१. ग्रामीण सडकहरूको स्तरोन्नति तथा निर्माण कार्य गर्दा अनिवार्य रूपमा नाली निर्माण, आवश्यक प्राविधिक संरचना (क्रस ड्रेनेज, रिटेनिङ वाल, कल्भर्ट लगायत) को व्यवस्था तथा सडक सुरक्षा मापदण्डको पालना गरिनेछ। पहिरोको उच्च जोखिम रहेका क्षेत्रमा आधुनिक इन्जिनियरिङ प्रविधि अवलम्बन गरी रोकथाम तथा नियन्त्रणका उपायहरू कार्यान्वयन गरिनेछन्। आवश्यकता अनुसार पक्की ढलान तथा संरक्षण संरचना निर्माणलाई प्राथमिकता दिइनेछ।

४.१.२. वार्षिक रूपमा गरिने अस्थायी तथा पटके मर्मत सम्भारलाई निरुत्साहित गर्दै सडकहरूको दीगो तथा योजनाबद्ध मर्मत सम्भार प्रणाली अवलम्बन गरिनेछ। यस कार्यमा उपभोक्ता समिति, स्थानीय समुदाय तथा सरोकारवाला निकायहरूको उत्तरदायित्व र सहभागिता सुनिश्चित गरिनेछ।

४.१.३. सडक, पुल तथा अन्य यातायात पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र सञ्चालन सम्बन्धी कार्यहरू प्रचलित कानून तथा सडक विभागले निर्धारण गरेका मापदण्ड, निर्देशिका र प्राविधिक विशिष्टीकरण अनुरूप कार्यान्वयन गरिनेछ।

४.१.४. उपभोक्ता समिति तथा निर्माण व्यवसायीमार्फत सञ्चालन हुने पूर्वाधार निर्माण कार्यमा गुणस्तर, समयसीमा र प्राविधिक मापदण्डको कडाइका साथ पालना गराइनेछ। अनावश्यक ढिलासुस्ती, सम्झौता उल्लङ्घन वा गुणस्तरहीन कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारबाही, धरौटी जफत, कालोसूचीमा समावेश तथा भविष्यमा यस्ता कार्यमा सहभागिता गर्न अयोग्य ठहर गर्ने व्यवस्था लागू गरिनेछ।

## ४.२ सिंचाई

४.२.१. गाउँपालिका क्षेत्रभित्र रहेका सिंचाई कुलो, नहर तथा अन्य सिंचाई संरचनाहरूको संरक्षण, मर्मत तथा स्तरोन्नति गरी कृषियोग्य जमिनमा बाह्रै महिना भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

## ४.३ भवन तथा शहरी विकास

४.३.१. गाउँपालिका क्षेत्रभित्र नयाँ भवन निर्माण गर्दा अनिवार्य रूपमा आधुनिक प्रविधिको प्रयोग गरी नक्सापास गर्ने व्यवस्था लागू गरिनेछ। भवन निर्माण सम्बन्धी मापदण्ड, भवन संहिता तथा भू-उपयोग नीतिको आधारमा सुरक्षित, व्यवस्थित र वातावरणमैत्री भवन निर्माणलाई प्रोत्साहन गरिनेछ।

४.३.२. गाउँपालिका स्थापना हुनु अघि निर्माण भएका तथा हाल निर्माण सम्पन्न भइसकेका भवन, घर, टहरा, पर्खाल तथा अन्य स्थायी संरचनाहरूको गाउँपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम नक्सापास तथा अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## ४.४ ऊर्जा

४.४.१. भोटेकोशी तथा यसका सहायक नदीहरूबाट उत्पादन हुने जलविद्युत आयोजनाहरूमा स्थानीय नागरिकको स्वामित्व, सहभागिता तथा लाभ सुनिश्चित गर्न सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र पहल गरिनेछ।

४.४.२. भोटेकोशी गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने जलविद्युत ऊर्जाको स्थानीय उपभोग तथा वितरणलाई प्राथमिकता दिन सम्बन्धित निकायहरूसँग आवश्यक पहल गरिनेछ। गाउँपालिकालाई भरपर्दो, गुणस्तरीय तथा लोडसेडिङ्गमुक्त विद्युत सेवायुक्त क्षेत्रका रूपमा विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

४.४.३. भोटेकोशी गाउँपालिका अन्तर्गत पर्ने अरनिको राजमार्ग तथा सहायक ग्रामीण सडकहरूमा सडक सुरक्षा र आवागमन सहज बनाउन सडक बत्ती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि जलविद्युत आयोजना, विद्युत प्राधिकरण तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी सम्भव भएसम्म निःशुल्क वा सहुलियतपूर्ण रूपमा सडक बत्ती जडान तथा सञ्चालनको व्यवस्था मिलाइनेछ।

## ४.५ सूचना प्रविधि र सञ्चार

४.५.१. स्थानीय स्तरमा उत्पादित स्वच्छ ऊर्जाको उपयोग गरी Data Center, Cloud Service तथा AI Computing Infrastructure स्थापना गर्न निजी क्षेत्र, शैक्षिक संस्था तथा विकास साझेदारसँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ।

४.५.२ डिजिटल शासन, स्मार्ट सेवा प्रवाह तथा तथ्याङ्कमा आधारित निर्णय प्रणाली विकास गर्न AI प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। डिजिटल प्रयोगलाई दैनिक जीवनमा समेत उपयोग गर्न समुदाय तथा विद्यालयस्तरमा डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ।

# ५ वन, वातावरण, विपद व्ववस्थापन तथा भू –संरक्षण

## ५.१. वन वातावरण तथा भु संरक्षण

५.५.१. गौरी शंकर संरक्षण आयोजना तथा स्थानीय वन उपभोक्ता समूहसँगको सहकार्यमा सार्वजनिक तथा सरकारी खाली जग्गा, सडक किनार तथा ग्रामीण सडक किनारमा वृक्षारोपण गरी वातावरण संरक्षणमा जोड दिईनेछ।

५.५.२. सामुदायिक वनको संरक्षणमा विशेष जोड दिईनेछ। भौगोलिक हिसावले जोखिम अथवा पहिरो जाने स्थानमा भएको निजी वनको रुख काट्न अनुमति दिईने छैन। तर जोखिम हुने ठुला रुख हटाउने व्यवस्था भने कायम गरिनेछ।

५.५.३. भोटेकोशी गाउँपालिकाले दिगो विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई स्थानीय विकास प्रक्रियासँग एकीकृत गर्दै वातावरण मैत्री स्थानीय शासन प्रारूप कार्यान्वयनका लागि गाउँपालिकाको वर्तमान अवस्था मूल्याङ्कन गरी वातावरण मैत्री स्थानीय शासनको स्थिति पत्र तयार गरी कार्यान्वयन गरिनेछ।

## ५.२. फोहरमैला तथा ढल व्यवस्थापन

५.२.१. सार्वजनिक स्थल, पानी पँधेरा, सडक किनारा, नदी क्षेत्र तथा वनजंगल क्षेत्रमा फोहर फाल्न निषेध गरिनेछ । जथाभावी फोहरमैला गर्ने उपर कानूनी वमोजिम कारवाही गर्ने व्यवस्था मिलाईनेछ।

५.२.२. बजार क्षेत्रहरुको फोहरमैला व्यवस्थापनका लागि स्थानीय क्लबहरु तथा अन्य क्षेत्र संग समन्वय गरी प्लास्टीकजन्य र अन्य नकुहिने फोहोरको व्यस्थापन गर्न स्थान पहिचान गरी कार्यान्वयन अगाडी बढाइने छ ।

## ५.३. विपद् व्यवस्थापन

५.३.१. बिपद ब्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिँदै प्रभावकारी काम गर्न विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने विकास साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।

५.३.२. वस्तीस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ साथै संभावित विपद जोखिम न्यूनिकरणका लागि गाउँपालिकाका सबै वडामा प्राकृतिक प्रकोप नियन्त्रण सम्वन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५.३.३ विपद्को समयमा खोज, उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी बनाइने छ । मनसुन जन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना गर्ने कार्यको लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ ।

**५.४.प्राकृतिक श्रोतहरुको संरक्षण र व्यवस्थापन**

५.४.१ पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधता र सिमसार क्षेत्रको संरक्षण गर्ने नीति लिइनेछ।

**६.१. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

६.१.१.गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, छरितो तथा प्रविधि मैत्री बनाईनेछ। गाउँपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक प्रभावकारी बनाईनेछ।

६.१.२.गाउँपालिकाका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरी पूर्ण जिम्मेवार बहन गर्ने कर्मचारीको उचित मूल्याङ्क गरी पुरस्कृत र नगर्ने कर्मचारीलाई कारवाही गर्ने परिपाटीको विकास गरिनेछ।

६.१.३. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमको प्रदत्त अधिकार प्रयोग गरी विद्यमान ऐन तथा कानूनहरुको निर्माण एवम् परिमार्जन गर्दै सेवा प्रवाह र कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ।

**६.२. श्रोत परिचालन तथा व्यवस्थापन**

६.२.१ कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधिबारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ।

**६.३ शान्ति सुरक्षा**

६.३.१.गाउँपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन प्रहरी कार्यालयसंग समन्वय गरी सुरक्षा गस्ति बढाइनेछ साथै गाउँपालिकाका प्रत्येक वडामा अस्थायी प्रहरी पोष्ट स्थापनाका लागि पहल गरिनेछ ।

६.३.२. सबै प्रकारका लागू औषध तथा दुर्व्यसनी र मादक पदार्थ सेवनलाई निरुत्साहित गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

६.३.३. १८ वर्षभन्दा मुनिका बालबालिकालाई धुम्रपान र मध्यपान सेवन गर्न तथा बिक्री वितरणमा पूर्णतया निषेध गरिनेछ र बालबालिकाहरुलाई खैनी, सूर्ती, मदिरा विक्री वितरण गर्ने व्यापारिहरुलाई दण्डित गरिनेछ ।

**६.४. व्यक्तिगत घटना दर्ता, पञ्जिकरण तथा अभिलेख व्यवस्थापन**

**६.४.१.**स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ।

६.४.२. सामाजिक सुरक्षा अभिलेख तथा राष्ट्रिय परिचयपत्रका निर्माण तथा वितरण कार्यलाई सरलिकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रस्तावित निति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा आफ्ना अमुल्य सुझावहरु प्रदान गरी सहयोग गर्नुहुने उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरु, स्थानीयवासी आमाबुवा, दिदी वहिनी तथा दाजुभाइहरु, विभिन्न राजनैतिक दलका मित्रहरु एवं नीति तथा कार्यक्रमको यो मस्यौदा तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने कर्मचारी मित्रहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।